**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको**
**२५औं वार्षिक साधारण सभाको**
**निर्णय (माईन्युट) विवरण**

१) नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०८१/०९/२९ गते बसेको सञ्चालक समितिको ३८९औं बैठकको निर्णयानुसार २५औं वार्षिक साधारण सभा अध्यक्ष श्री गोबिन्द लाल संघईज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

२) **सभा भएको मिति, स्थान र समय :-**

मिति : २०८१ साल माघ २८ गते सोमबार (तदनुसार २१० फेब्रुअरी २०२५)
स्थान : होटल भिष्वा, बीरगञ्ज, पर्सा ।
समय : विहान ९.०० बजे प्रारम्भ भई दिउँसो ११.४५ बजे सम्पन्न ।

३) **सभाको सूचना :-**

यस कम्पनीको २५औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनी नियमावलीको नियम ९ अनुसार मिति २०८१ माघ १ गतेको अभियान राष्ट्रिय दैनिक र मिति २०८१ माघ २० गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति, स्थान, समय, शेयर दाखिल खारेज र छलफलको विषयसूची सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

४) **छलफलका विषयसूचीहरु :-**

क) **सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ. व. २०८०/८१ को वार्षिक कार्य प्रगति प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनी पूनः नियुक्तिका लागि योग्य हुनु हुन्छ) ।

४) आ.व. २०८०/८१ को लागि संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको ११.०५ प्रतिशत (बोनस शेयर तथा नगद लाभांशको कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५) सर्वसाधारण शेयरधनीहरु (समूह ख) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना संचालकज्यूहरुको निर्वाचन गर्ने ।



किनकि जीवन अमूल्य छ...

Kamaladi, G.P.O. Box No. 11030, Kathmandu, Nepal | Tel : 01-4169082 | Fax : 01-4169079 | www.nepallife.com.np | info@nepallife.com.np

प्रधान कार्यालय
नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

ख) बिशेष प्रस्ताव

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारि पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

२) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्नु परेमा सोको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

ग) अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरु

५) उपस्थिति

क) संचालकहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री गोबिन्द लाल संघई | अध्यक्ष |
| २. श्री कमलेश कुमार अग्रवाल | सञ्चालक |
| ३. श्री बिमल प्रसाद ढकाल | सञ्चालक |
| ४. श्री कृष्णराज लामिछाने | सञ्चालक |
| ५. श्रीमती पारुल ढकाल | सञ्चालक |
| ६. श्री शक्ति कुमार गोल्याण | सञ्चालक |

ख) पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री प्रवीण रमण पराजुली | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित कुमार कयाल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री उमापती पोखरेल | नायब महाप्रबन्धक |
| ४. श्री ओमप्रकाश पुडासैनी | बरिष्ठ सहायक महाप्रबन्धक |
| ५. श्री प्रेम प्रसाद रेग्मी | सहायक महाप्रबन्धक |
| ६. श्री विनोदकुमार भुजेल | कम्पनी सचिव |
| ७. श्री रोशन दवाडी | सामान्य सेवा विभाग प्रमुख |
| ८. श्री अमित कुमार झा | ब्राण्डिङ्ग एण्ड कम्युनिकेशन इकाई प्रमुख |
| ९. श्री दशरथ झा | प्रादेशिक कार्यालय प्रमुख, मधेश प्रदेश |

## ६) शेयरधनीहरुको उपस्थिति

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,९०,५६० | २२० | ३४७ | ५६७ | - |
| शेयर संख्या | ८,२०,७९,६६५.५४ | १,२०,८७३ | ४,९८,५३,२४० | ४,९९,७४,११३ | ६०.८८ |

## ७) गणपुरक संख्या एवं बैधानिकता

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव विनोद कुमार भुजेलले २५औं वार्षिक साधारण सभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो ।

## ८) सभाको अध्यक्षता र सभा संचालन

निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू एवं संचालकज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । कम्पनीको उक्त वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१४(ग) बमोजिम सञ्चालक श्री गोविन्द लाल संघईज्यूले गर्नुभयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को अधिनमा रही सभाध्यक्ष श्री गोबिन्द लाल संघईज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत् प्रारम्भ गर्नुभयो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाध्यक्षज्यूबाट सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ९) २५औं बार्षिक प्रतिवेदनहरुको प्रस्तुती

सभाको काम कारबाहीलाई अगाडि बढाउने कममा सभाध्यक्ष श्री गोबिन्दलाल संघईज्यूले आ.व. २०८०/८१ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह विवरणहरु साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १०) छलफलका लागि आह्वान :-

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो । यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो ।

क) श्री राजु शर्मा
ख) श्री गोगन बहादुर पराजुली क्षेत्री
ग) श्री तेजमणी तिमिल्सिना
घ) श्री ओम बहादुर के.सी.

ङ) श्री केशव प्रसाद भण्डारी
च) श्री कृष्ण प्रसाद अधिकारी
छ) श्री गणेश अधिकारी
ज) श्री चन्द्र नारायण श्रेष्ठ
झ) श्री निरुपमा गुप्ता

११) प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरु :

क) **श्री राजु शर्मा**ज्यूले आ.व. २०८०/८१ मा कम्पनीले सर्वाधिक बजार हिस्सा लिई देशको अग्रणी जीवन बीमा कम्पनी बन्न सकेकोमा कम्पनीलाई धन्यवाद दिनु हुँदै कम्पनीको प्रगतिमा योगदान गर्ने विगतका संचालकहरु र प्रमुख कार्यकारी अधिकृतहरुप्रति समेत कृतज्ञता ज्ञापन गर्नु भयो । उहाँले शेयरधनीहरुलाई २१.०५% लाभांश प्रदान गर्न लागेकोमा कम्पनीलाई धन्यवाद दिदैं बीमितहरुको लागि समेत बोनसदर बढाउन अनुरोध गर्नु भयो । अन्त्यमा, कम्पनीलाई सर्वाधिक विश्वासिलो एवं अग्रणी बनाउन व्यवस्थापन र अभिकर्ता मिलेर काम गर्नु पर्ने धारणाका साथ कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्नु भयो ।

ख) **श्री गोगन बहादुर पराजुली क्षेत्रीज्यूले** कम्पनीको २५औं वार्षिक साधारण सभामा आइपुग्दा देशको सवैभन्दा ठूलो कम्पनीको रुपमा रहन पाएमा गर्वको अनुभूति भैरहेको वताउनु भयो । कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लेखित सुचकांकहरु राम्रो रहेको देख्न पाएकोमा खुसी व्यक्त गर्दै कुशल कार्य सम्पादनका लागि प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापन समूहलाई धन्यवाद दिनु भयो । कम्पनीले लगानी विविधिकरणमा गरेको कार्यहरु प्रशंसनिय रहेको भन्दै उहाँले कम्पनीको बजार हिस्सा २६.१० प्रतिशतलाई निकै माथि सम्म पऱ्याउनु पर्ने धारणा सुझावका रुपमा राख्नु भयो । कम्पनीले शेयरधनीहरुलाई २१.०५% लाभांश दिएकोमा धन्यवाद दिदैं श्री पराजुलीले कम्पनीको रजत जयन्ती मनाउन व्यवस्थापनलाई सुझाव दिनु भयो ।

ग) **श्री तेजमणी तिमिल्सिनाज्यूले** कम्पनीको प्रगतिमा विशिष्ट योगदान दिई रहनु भएकोमा संचालक समितिका अध्यक्ष श्री गोविन्द लाल संघईज्यू प्रति हार्दिक आभार व्यक्त गर्नु भयो । उहाँले यस वर्षको वार्षिक प्रतिवेदन (पुस्तक) राम्रो छापिएकोमा व्यवस्थापनलाई धन्यवाद दिदैं अभिकर्ताहरुलाई सम्मान गरिएका तस्वीरहरु केही बढी संख्यामा आगामी वर्षको पुस्तकमा राखी दिन सुझाव दिनु भयो । अन्त्यमा, उहाँले बीमितहरुको लागि राम्रो बोनसदर र कर्मी मौरी रुपी अभिकर्ताहरुको लागि राम्रो प्रोत्साहन योजनाहरु ल्याउन सक्दा कम्पनीको व्यापार बृद्धिमा सहयोगी हुने सुझाव प्रस्तुत गर्नु भयो ।

घ) **श्री ओम बहादुर के.सी.ज्यूले** कम्पनीले शेयरधनीहरुलाई २१.०५% लाभांश दिएकोमा धन्यवाद दिदैं कम्पनीले आफ्नो रजत जयन्ती वर्ष के कसरी मनाउन लागि रहेको छ भनी जिज्ञासा राख्नु भयो । उहाँले कम्पनीको समग्र वित्तीय सुचकांकहरु राम्रो रहेको वताउदै कम्पनीको चुक्ता पूँजी र

बीमितहरुलाई दिइने बोनसदरमा पनि सर्वोत्कृष्ट हुनु पर्ने धारणा सुझावका रुपमा राख्नु भयो । उहाँले अभिकर्ताहरुको बृद्धि, उनीहरुलाई विशेष प्रशिक्षण र राम्रो प्रोत्साहन योजनाहरु प्रदान गर्न सक्दा कम्पनीको व्यापार बृद्धिमा सहयोगी हुने सुझाव दिनु भयो । श्री के.सी. ले जीवन बीमा भनेकै नेपाल लाइफ हो भन्ने बोध गराउने गरी ब्राण्डिङ्ग गर्न व्यवस्थापनलाई आग्रह गर्दै वार्षिक साधारण सभामा उत्कृष्ट अभिकर्तालाई सम्मान गर्न सक्दा अभिकर्ताहरु प्रोत्साहित हुने सुझाव राख्नु भयो ।

ङ) **श्री केशव प्रसाद भण्डारीज्यूले** नेपाल लाइफ नेपालको मात्र नभएर दक्षिण एसिया कै उत्कृष्ट एवं नमूना कम्पनी बन्न सकोस् भन्ने शुभेच्छा प्रदान गर्नु भयो । उहाँले कम्पनीको लगानी विविधिकरणमा राम्रो भैरहेको वताउदै कम्पनीले ५ वर्षे, १० वर्षे र १५ वर्षे रणनीति बनाई कार्य गर्नु पर्ने धारणा सुझावका रुपमा राख्नु भयो । श्री भण्डारीले कम्पनीको कूल बीमाशुल्क संकलन राम्रो रहेको तर सो अनुपातमा प्रथम बीमाशुल्क संकलन सन्तोषजनक नरहेको वताउदै प्रथम बीमाशुल्क संकलनमा जोड दिन व्यवस्थापनलाई सुझाव दिनु भयो । उहाँले संस्थागत सुशासन कायम गर्न संचालक समिति र व्यवस्थापनलाई चनाखो रहन आग्रह गर्दै लेखापरीक्षण समितिमा स्वतन्त्र संचालक राख्न, अभिकर्ता प्रोत्साहन वापतको खर्च प्राधिकरणले तोकेको १८ प्रतिशतको सीमाभित्र कायम गर्न र वार्षिक प्रतिवेदनमा उत्कृष्ट अभिकर्ताहरुको फोटो राख्न सुझाव प्रस्तुत गर्नु भयो ।

च) **श्री कृष्ण प्रसाद अधिकारीज्यूले** कम्पनीको वार्षिक प्रतिवेदन समग्रमा राम्रो रहेको वताउदै वार्षिक साधारण सभा हुनु केही दिन पूर्व नै सबै शेयरधनीहरुको हातमा वार्षिक प्रतिवेदन पुर्‍याइ दिने व्यवस्था गर्न कम्पनीलाई आग्रह गर्नु भयो । उहाँले कम्पनीको वार्षिक साधारण सभा काठमाण्डौमा गर्न आग्रह गर्दै कम्पनीको रजत महोत्सव धुमधामका साथ मनाउन अनुरोध गर्नु भयो । पत्रपत्रिकाहरुमा प्रकाशित समाचारहरु वार्षिक प्रतिवेदनमा राख्दा कुन पत्रपत्रिकामा छापिएका थिए भन्ने समेत जानकारी गराइएको भए राम्रो हुने धारणा व्यक्त गर्दै प्रतिवेदनमा राखिएको नेपालको नक्सामा शाखा उपशाखा रहेका क्षेत्रहरु जनाउन थोप्लोबाट संकेत गर्न सकेको भए राम्रो हुने बताउनु भयो ।

छ) **श्री गणेश अधिकारीज्यूले** कम्पनीले शेयरधनीहरुलाई २१.०५% लाभांश दिएको र नेपाल सरकारलाई राजस्व भुक्तानी मार्फत राम्रो योगदान गर्न सकेकोमा खुसी व्यक्त गर्नु भयो । उहाँले कम्पनीले अभिकर्ता तथा कर्मचारीहरुको प्रशिक्षणमा लगानी बढाउन अनुरोध गर्नु भयो । उहाँले वार्षिक साधारण सभा समयमा सम्पन्न हुन सकेकोमा खुसी व्यक्त गर्दै कम्पनीले बीमितको बोनसदर न्यूनतम रु. ६५ बनाउन सके व्यापार बृद्धिमा सकारात्मक प्रभाव पर्न सक्ने धारण सुझावका रुपमा प्रस्तुत गर्नु भयो । कम्पनीले आफ्नो रजत बर्ष मनाउदा बीमितहरुलाई पनि खुसी हुने गरी कार्यक्रम तय गर्न व्यवस्थापनलाई अनुरोध गर्नु भयो । अन्त्यमा, श्री अधिकारीले कम्पनीको बृहत्तर हितका लागि संचालकज्यूहरुले ठुलो भावना राखी कार्य गरि दिन अनुरोध गर्दै भविष्यमा कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्नु भयो ।

ज) **श्री चन्द्र नारायण श्रेष्ठज्यूले** लिखित पत्रमार्फत आफ्ना सुझावहरु पठाउनु भएको सभामा जानकारी गराइयो । उहाँले कम्पनीले आ.व. २०८०/८१ को मुनाफाबाट १० प्रतिशत बोनस शेयर र ११.०५ प्रतिशत नगद लाभांश गरी जम्मा २१.०५ प्रतिशत लाभांश दिन सफल भएकोमा खुसी भएको, देशको प्रतिकूल आर्थिक अवस्थामा ब्यापार बृद्धि र लगानीमा कम्पनीले सफलता हासिल गरोस् भन्ने शुभेच्छा रहेको, कम्पनीले बीमालेख समर्पण कम गर्न ध्यान दिनु पर्ने र २५औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न होस् भन्ने कामना गरेको व्यहोरा पत्रमार्फत व्यक्त गर्नु भएको थियो ।

झ) **श्री निरुपमा गुप्ताज्यूले** लिखित पत्रमार्फत आफ्ना सुझावहरु पठाउनु भएको सभामा जानकारी गराइयो । उहाँले कम्पनीले वार्षिक साधारण सभा काठमाण्डौमा गर्न सके राम्रो हुने, वित्तीय विवरणमा उल्लेखित सूचकांकहरु राम्रो भएको, शेयरधनीहरुलाई प्रदान गरिएको लाभांश प्रशंसनीय रहेको, सिएसआर अन्तर्गत केही रकम निर्धन एवं असक्तहरुको शिक्षामा दिनु पर्ने, कम्पनीको खर्चलाई नियन्त्रण गरी मुनाफा बृद्धिमा ध्यान दिन र भविष्यमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गरेको व्यहोरा पत्रमार्फत व्यक्त गर्नु भएको थियो ।

१२) **शेयरधनीहरुको जिज्ञासाको जवाफः**

अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभामा आफनो अमुल्य सुझाव तथा जिज्ञासा राख्नुभएका शेयरधनीलाई हार्दिक धन्यबाद व्यक्त गर्नुहुदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनका लागि प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्युलाई निर्देशन दिनु भयो ।

**प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुली**

शेयरधनीहरुज्यूको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तर दिने क्रममा प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्यूले शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकारात्मक प्रतिक्रिया र कम्पनीले प्रगतिका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि धन्यवाद दिनुभयो । शेयरधनीहरुको सकारात्मक सुझावहरुलाई टिपिएको र कार्यान्वयनमा लगिने प्रतिबद्धता जनाउनु भयो । प्रमुख कार्यकारी अधिकृतज्यूले आगामी वर्ष आफ्नो रजत वर्ष मनाउनका लागि कम्पनीको मिसन र भिजन पुरा हुने गरी सवै स्टेकहोल्डरहरुलाई समेटी वार्षिक कार्य योजना तयार गरिसकेको सभामा जानकारी दिनु भयो । प्रमुख कार्यकारी अधिकृतज्यूले कम्पनीले उच्च प्रतिफलको लागि लगानी विविधिकरण गरिरहेको र लगानी गर्दा सतर्कतापूर्वक उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्ने नीति लिइएको जानकारी गराउनु भयो । कम्पनीले ग्राहकहरुको लागि हरेक वर्ष राम्रा बीमा योजनाहरु ल्याइ रहेको र भविष्यमा पनि बजारमैत्री राम्रा बीमा योजनाहरु ल्याउने कम्पनीको योजनामा रहेको बताउनु भयो । अन्त्यमा, कम्पनीको प्रगतिमा सधैं सकारात्मक सहयोग गर्ने शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

## १३) साधारण सभाको छलफल तथा निर्णयहरु

### क) सामान्य प्रस्ताव

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ. व. २०८०/८१ को वार्षिक कार्य प्रगति प्रतिवेदन छलफल पश्चात् निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल पश्चात् निर्णयार्थ पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३) सभामा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिसमा संचालक समितिले कूल वार्षिक लेखापरीक्षण सेवाशुल्क (For Statutory Audit, Tax Audit, Certification as per Act, LFAR and Corporate Governance Certification) भ्याट बाहेक रु. १२,००,०००/- ( अक्षरुपी रु. बाह्र लाख मात्र) दिने शर्तमा आ.व. २०८१/८२ का लागि चार्टड एकाउन्टेन्ट संस्था पि. एल. श्रेष्ठ एण्ड कम्पनीलाई लेखापरीक्षकको रुपमा पुनर्नियुक्ति गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट पारित भयो ।

४) आ.व. २०८०/८१ को लागि संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको ११.०५ प्रतिशत (बोनस शेयर तथा नगद लाभांशको कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने 'ख' समुहका ३ (तीन) जना सञ्चालक पदको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत, वरिष्ठ अधिवक्ता श्री हरिश्चन्द्र सुबेदीज्यूलाई निर्वाचन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुरोध गरिए पश्चात् निर्वाचन अधिकृतज्यूले कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी आन्तरिक निर्देशिका, २०६१ बमोजिम निर्वाचन कार्यक्रम प्रकाशित गरी प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रममा उल्लेखित समयसीमा भित्र सञ्चालक पद ३ (तीन) का लागि उम्मेदवारी दिनेमा श्री बिमल प्रसाद ढकाल, श्री कृष्णराज लामिछाने, श्रीमती शर्मिला श्रेष्ठ महर्जन, श्री कोषराज सुवेदी र श्रीमती खेतु थापा गरी ५ (पाँच) जनाको मनोनयन पत्र दर्ता हुन आएको जानकारी सभालाई गराउनु भयो ।

निर्वाचन अधिकृतज्यूले विभिन्न संचार माध्यमबाट मिति २०८१/१०/२७ गते सम्मानित उच्च अदालत पाटनबाट संचालक समितिको निर्वाचन नगर्नू नगराउनू, यथास्थितिम राख्नू भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश भएको जानकारी पाएको बारे सभालाई अवगत गराउनु भयो ।

तसर्थ, निर्वाचन अधिकृतज्यूले सम्मानित उच्च अदालत पाटनको अन्तरिम आदेशको पालना गर्दै सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने 'ख' समुहका ३ (तीन) जना सञ्चालक पदको निर्वाचन कार्य हाललाई स्थगित गर्नु पर्ने राय सहित अनुमोदनका लागि सभामा प्रस्ताव पेश हुँदा सभाले सर्वसम्मतिबाट अनुमोदन गर्‍यो ।

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय

## ख) बिशेष प्रस्ताव

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत भयो । बोनस शेयर जारी पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने र बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

२) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्नु परेमा सोको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव छलफल पश्चात् निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट पारित भयो ।

### नेपाल लाइफ इन्स्योन्स कम्पनी लिमिटेडको प्रबन्धपत्र र नियमावलीमा संशोधन प्रस्तावको विवरण (३ महले)

**प्रबन्धपत्रमा संशोधन प्रस्ताव**

| दफा | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| दफा ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु. ८,२०,७९,६६,५५४/-(अक्षेरुपी आठ अर्ब बीस करोड उनासी लाख छैसट्ठी हजार पाँच सय चौवन्न) हुनेछ । | कम्पनीको तत्काल जारी पूँजी रु. ९,०२,८७,६३,२०९/-(अक्षेरुपी नौ अर्ब दुई करोड सतासी लाख त्रिसट्ठी हजार दुई सय नौ) हुनेछ । | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पूँजीलाई वृद्धि गर्न आवश्यक भएकोले । |
| दफा ५(घ) | कम्पनीको चुक्ता पूँजी रु. ८,२०,७९,६६,५५४/- (अक्षेरुपी आठ अर्ब बीस करोड उनासी लाख छैसट्ठी हजार पाँच सय चौवन्न) हुनेछ । | कम्पनीको चुक्ता पूँजी रु. ९,०२,८७,६३,२०९/-(अक्षेरुपी नौ अर्ब दुई करोड सतासी लाख त्रिसट्ठी हजार दुई सय नौ) हुनेछ । | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी वृद्धि हुने भएकोले । |

नियमावलीमा संशोधन प्रस्ताव

| नियम | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| नियम ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु. ८,२०,७९,६६,५५४/-(अक्षेरुपी आठ अर्ब बीस करोड उनासी लाख छैसट्ठी हजार पाँच सय चौवन्न) हुनेछ। | कम्पनीको तत्काल जारी पूँजी रु. ९,०२,८७,६३,२०९/-(अक्षेरुपी नौ अर्ब दुई करोड सतासी लाख त्रिसट्ठी हजार दुई सय नौ) हुनेछ। | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पूँजीलाई वृद्धि गर्न आवश्यक भएकोले। |
| नियम ५(ङ) | कम्पनीको चुक्ता पूँजी रु. ८,२०,७९,६६,५५४/-(अक्षेरुपी आठ अर्ब बीस करोड उनासी लाख छैसट्ठी हजार पाँच सय चौवन्न) हुनेछ। | कम्पनीको चुक्ता पूँजी रु. ९,०२,८७,६३,२०९/-(अक्षेरुपी नौ अर्ब दुई करोड सतासी लाख त्रिसट्ठी हजार दुई सय नौ) हुनेछ। | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी वृद्धि हुने भएकोले। |

**ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु।**

अध्यक्षज्यूको अनुमतिले छलफलका लागि अन्य कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो।

## १६. धन्यवाद तथा सभा विसर्जन

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २५औं वार्षिक साधारणसभालाई आफ्नो अमुल्य समय प्रदान गरी सभा सम्पन्न गर्नमा सहयोग गरिदिएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउँसो ११.४५ बजे सभाका अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो।

(विनोद कुमार भुजेल)
कम्पनी सचिव

(गोविन्द लाल संघई)
अध्यक्ष